
धनेश्वर भगवान दोर्जे शुग्देन।

काठमाडौँ उपत्यकाको विशेष संरक्षक देवता श्री मन्जुश्रि हुन र भगवान दोर्जे शुग्देन, श्री मन्जुश्रिको एक अवतार हुनुहुन्छ। धन, शान्ति र सर्वोच्च सुरक्षाको लागि भगवान दोर्जे शुग्देनलाई प्रत्येक दिन प्रार्थना गर्नुहोस्।

---

## दोर्जे शुग्देनलाई छोटो प्रार्थना: सम्पति, शान्ति र सुरक्षाको दैनिक अनुरोध।

यो दैनिक दोर्जे शुग्देनलाई प्रार्थना, २५ औ छेम रिम्पोछे द्वारा विहिबार, २६ फरबरी २०१५ बिहान २:०३ मा रचना गर्नु भएको हो।

स्वर्गमा अनगिन्ती देवत्वहरु छन्। ती सबै देवत्वहरुले सबै प्राणीहरुको फाइदाका लागि विभिन्न पक्षहरु देखाएको छ। दैवका रूपकाय को स्वरूपमा दया, कुशल माध्यम र बुद्धि विवेक छन्। हामी हाम्रो अदुरदर्शिताको कारणले वा भावनाको सम्पुर्ण श्रृङखलाको दौरान हामी निरन्तर खुशी, दुखी, निच भएको, हराएको, भरिपुर्ण, दोधार र रित्तो महशुस भएको समयमा उनीहरूलाई आह्वान गर्दछौं।

महान बुद्धिजीवी दोर्जे शुग्देन, हाम्रो स्वभावलाई विचार गर्दै आमाबुबाको एक मात्र बालकको रुपमा लिनुहोस्।

दिव्यको लागि हामीबाट भेटी तथा उपहारको आवस्यक नपरेपनि हामीलाई सर्बोच्च मन्जुश्रि दोर्जे शुग्देनको आशीर्वादका लागी चिया, धूप र मन्त्र भेटी स्वरुप चढाउछौ। जब नकारात्मक विचार उत्पन्न हुन्छ, त्यसलाई तुरुन्त अन्त्य गरिदिनुहोस। कृपया मेरो थकित मनमा सकारात्मक सोच भरि दिनुहुन मेरा सम्पुर्ण आश तपाईं सामु राखेको छु।

जब कठिनाई, समस्या र दुविधाहरु सृजना हुन्छ तब म लगायत मेरा सम्पुर्ण परिवार, प्रियजनहरु, वातावरण र मेरा पाल्तु जनावरलाई पनि आशिष दिन अनुरोध का साथै, म मा बुद्धि आओस, आश पलाओस शान्ति प्राप्त गर्न सकुन्।

ओ गुंबाददार गोलो टोपी, भिक्षुको त्रिबस्त्र धारक, स्वतन्त्रता, न्याय र बुद्धिमत्ताको घोतक तरवार वाह्क र इच्छापुरक गहना धारक, सबै नकारात्मकको दमनको प्रतीक महान सिंहमा विराजमान अलौकिन भगवान दोर्जे शुग्देनलाई मेरो ईच्छाहरु पूरा गर्न अनुरोध गर्दछु। मलाई थाहा छ कि मेरा ईच्छाहरु उत्कृष्ट नहोला, त्येसैले परिणामको लागि म तपाईंको बौद्धिकताको चरणमा समर्पण गर्दछु। यद्यापी यो मैले सोचे जस्तो नहुन सक्छ। दया गरेर मलाई लगायत सम्पुर्ण प्राणीहरुलाई आशिष दिनुहोस् कि हामी स्वतन्त्रताको महान शहरमा प्रवेश गर्न सकुन्।

महान भगवान दोर्जे शुग्देन, तपाईं मेरो जीवनको अंश बन्नुहोस भनि आत्मैदेखि विनम्र पुकार गर्दछु। र मेरो घरलाई आशीर्वाद दिनुहोस् र मलाई बुद्धि, सहायता र सुख दिनुहोस् ता कि म अरुको लागि विना सुचिको सेवक बन्न सकु र म अरुमा केन्द्रीत हुदै आफ्नो र मेरा सबै प्रियजनहरुको समस्या मेटाउन सकुन्।

म दयालु, बुद्धिमान, विवेकशील, सहिष्णु र मलाई चोट पुर्याउने र माया गर्नेहरुलाई झन क्षमा दिन सक्ने बन्नको लागि मलाई आशीर्वाद दिनुहोस्। तपाईं, दोर्जे शुग्देन सामू सामिप हुन हामी सबै समर्पण गर्दछौं। हामीले स्थिर दृश्य, प्रक्षेपण र कठोरतालाई परित्याग गर्नुपर्छ। आखिरी मा, जब म यो अस्तित्वको जहाजलाई त्यागेर आफ्ना सबै चिज र सबै जना पछी छाडिने छु तब मैले गरेको सकारात्मक कार्य मात्र महत्त्व राख्द छ। मलाई अहिले यसको अनुभूति र कार्य गर्न दिनुहोस्। यस महत्त्वपूर्ण क्षणमा, तपाईंको एक दृष्टि भई शक्तिशाली र दयालु दोर्जे शुग्देन, कृपया मलाई पनि तपाईं संगै लैजानुहोस्। जहाँ ज्ञान लिई मेरो अध्यात्मिक मौन यात्रा जारी राख्न सकु।

मेरो प्रार्थना पूरा गर्न र सिद्धि प्राप्त गर्न म तपाईंलाई केसर रंगिन चिया चढाउने छु। तपाईंको मन्त्र जपेर प्रेम, शान्ति, लामो जीवन, सुरक्षा र शुन्यताको उत्कृष्ट दृश्य उत्पन्न होस्।

सन्तुष्टि, शान्ति र बुद्धिमत्ताको मन्त्र: ॐ बेन्जा विकि बिटाना स्वाहा:
प्रत्येक दिन एक माला पुरा वा बढी पटक जप्नु राम्रो हुन्छ। प्रत्येक/हरेक बर्ष १,००,००० वा बढी पटक साधना हुने ठाँउमा सहभागी हुनुसकेमा उत्तम हुनेछ।

### दोर्जे शुग्देनको पूजा र अभ्यासको लाभहरु।

भगवान दोर्जे शुग्देनको अभ्यास सबैका लागि लाभदायक छ र विशेष गरी विद्यार्थीहरू, चिकित्सा, व्यवसायी र व्यापारी महिला, परिवार र किसानहरुका लागि हो। साथै जादू, अवसाद र आत्मा बाधा देखि ग्रस्त भएकोहरू पनि भगवान दोर्जे शुग्देनमा सुरक्षा र मार्गदर्शनका लागि भरोसा गर्न सक्नुहुन्छ।